# खनियाबास गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## दार्खा, धादिङ
## बागमती प्रदेश, नेपाल

प.स.: २०७९/०८० मिति : २०७९/०८/२८
च.न.:..........

**करार सेवामा कर्मचारी पदपूर्ति गर्ने सम्बन्धि सूचना ।**

**प्रथम पटक प्रकाशित मिति: २०७९/०८/२८**

यस खनियाबास गाउँपालिकामा रिक्त रहेको तपसिल बमोजिमको पदमा खुल्ला प्रतिस्पर्धाबाट करार सेवामा कर्मचारी नियुक्त गर्नुपर्ने भएकोले योग्यता पुगेका इक्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समयमा (दरखास्त दिने अन्तिम दिन सार्बजनिक बिदा परेमा सो को लगत्तै कार्यालय खुलेको दिन) राजश्व तिरेको रसिद वा बैंक भौचर सहित दरखास्त फारम भरि पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

| बिज्ञापन नं. | पद | सेवा | समुह | श्रेणी | संख्या | दरबन्दी |
|---|---|---|---|---|---|---|
| ०२/०७९/०८० | रोजगार संयोजक | बिबिध | | अधिकृत छैठौ | १(एक) | खनियाबास गा.पा. |
| ०३/०७९/०८० | प्राबिधिक सहायक | प्राबिधिक | इन्जिनियरिङ | सहायक पाँचौ | १(एक) | खनियाबास गा.पा. |

- न्युनतम शैक्षिक योग्यता तथा सिप :

१. रोजगार संयोजक पदको लागि नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट कुनै पनि बिषयमा न्युनतम स्नातक तह उत्तीर्ण गरेको ।

२. प्राबिधिक सहायक पदको लागि नेपाल सरकारबाट मान्यता प्राप्त शैक्षिक संस्थाबाट सिभिल इन्जिनियरिङ बिषयमा कम्तिमा डिप्लोमा तह उत्तीर्ण गरेको ।

३. बिज्ञापन नं.०२/०७९/०८० र ०३/०७९/०८० दुबैको लागि कम्तिमा ३ महिने आधारभुत कम्प्युटर सिप सम्बन्धि तालिम लिगेको हुनुपर्ने ।

- आवश्यक कागजात : शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, नेपाली नागरिकताको प्रमाण पत्र र आधारभूत कम्प्युटर सिप सिकेको प्रमाणपत्र र ३ प्रति फोटो
- उम्मेदवारको उमेर हद :

१. बिज्ञापन नं.०२/०७९/०८० को लागि २१ बर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको)

२. बिज्ञापन नं.०३/०७९/०८० को लागि १८ बर्ष उमेर पुरा भई ३५ बर्ष ननाघेको (महिलाको हकमा ४० बर्ष ननाघेको)

- छनौट प्रक्रिया : **स्थानीय तहमा प्राबिधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धि मापदण्ड, २०७८ तथा रोजगार संयोजकको पदपूर्ति र सेवा सुबिधा सम्बन्धि मापदण्ड, २०७६ बमोजिम ।**
- तलब स्केल : प्रचलित कानुन बमोजिम
- कार्य अवधि : करार सम्झौता बमोजिम हुनेछ ।
- दरखास्त फारम दस्तुर : ०२/०७९/०८० को लागि रु.१००० र ०३/०७९/०८० को लागि रु.७०० ।
- आवेदन दिनुपर्ने अन्तिम मिति: २०७९/०९/१३ गते दिनको ४:०० बजे सम्म ।
- आवेदन बुझाउनु पर्ने स्थान : खनियाबास गा.पा.को कार्यालय, प्रशासन शाखा
- संक्षिप्त सुची सम्बन्धि जानकारी गाउँपालिकाको फेसबुक पेज वा गाउँपालिकाको वेबसाइटमा प्रकाशन गरिनेछ ।

**नोट: यस गाउँपालिकाको वेबसाइटमा सूचना संगै राखिएको आवेदन फारम भरि तोकिएको समय भित्र आवेदन दिन सक्नुहुनेछ ।**

संयोजक
पदपूर्ति समिति